बैठक संख्या : ७५
मिति :- २०७७/०४/१३ गते (मंगलवार)
समय :- विहान ११ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण वहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव |

**निर्णय नं :** १ आर्थिक वर्ष ०७६।०७७ मा भएको वार्षिक कार्य प्रगति को मिति २०७७ श्रावण र २८ र २९ गते  समिक्षा गर्ने ।

**निर्णय नं :** २ जिल्ला दररेट निर्धारण भै आइसकेको हुँदा सोही दररेटलाई आधार मानी नगरपालिकाको भौगलिक अवस्था र सामाग्रीको उपलब्धता समेतलाई मध्यनगर गरी संलग्न बमोजिमको नगर दररेट स्वीकृत गर्ने । (पेज नं. १-७३ सम्मको)

**निर्णय नं:** ३ लोकसेवा आयोगबाट सिफारिस भै नियुक्ती भएका स्थानीय तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन फाराम सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गरी लागु गर्ने गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पत्राचार भएको हुँदा र हाल स्थानीय तहमा कर्मचारी को सेवा सुविधा सम्बन्धि ऐन कानून नवनिसकेको अवस्था रहेको हुँदा वर्तमान समयमा निजामति कर्मचारीहरुले प्रयोग गरेको सम्बन्धीत तह सँग मिल्ने अनुसारको कार्य सम्पादन मूल्याकंन फाराम प्रयोग गर्ने, प्रयोग भएको फाराम अनुमोदन गर्ने ।

**निर्णय नं** :- ४ आफ्नो घर वहालमा नलागेको हुँदा घर वहाल कर छुटका लागि प्राप्त निवेदन उपर सम्बन्धित समितिबाट छानविन गरी वहालकर छुट दिन सिफारिस भै आएका देहाय व्यक्तिहरुलाई देहायको घरको घरवहाल कर छुट दिने निर्णय गरियो ।

| सि.नं. | नामथर | वहालको घरको ठेगाना | कर छुट अवधि | छुट रकम |
|---|---|---|---|---|
| १ | श्री फुलमाया तमाङ्ग | क.न.पा.५ | २०७६ श्रावण  २ गते देखी | ७२००।- |
| २ | श्री प्रतिमा कुमारी पोखरेल दाहाल | क.न.पा.५ | २०७६ पोष ३ गते देखी | ७२००।- |
| ३ | श्री विमला शर्मा घोसाईनी | क.न.पा. ६ | २०७६ भाद्र ११ देखि | ३६००।- |
| ४ | श्री रुपलाल साई | क.न.पा. ५ | २०७६ भाद्र ५ गते देखि | १०८००।- |
| ५ | श्री युवराज पौडेल | क.न.पा.६ | २०७६ भाद्र २८ देखि | १३४००।- |
| | | | | |
| | | | जम्मा | ४२,२००।- |

**निर्णय नं** :- ५  घर वहाल कर छुटददिएका व्यक्तिहरुको घर अनुगमन गर्दा वहालमा लागेको पाईएमा र सोको जानकारी सम्बन्धीत व्यक्तिले नगरपालिकामा नदिएको रहेछ भन्ने छुट भएको वहाल करमा १० % का दरले जरीवाना समेत थपी असूल उपर गर्ने ।

**निर्णय नं** :- ६. अति संवेदेनशिल क्षेत्रको रुपमा रहेको दमकलमा काम गर्ने व्यक्तिहरुलाई प्रति महिना रु २०००।- का दरले जोखिम भत्ता उपलब्ध गराइने । नगरपालिकामा करारमा कार्यरत सव- ईन्जिनियरहरुको न्यूनतम मासिक रु २३,०००।- कायम गर्ने । त्यसैगरी करारमा कार्यरत कृषि (ना.प्र.स.) तथा पशु (ना.प.स्वा.प्रा.) शाखामा कार्यरत प्राविधकहरु र क्प्युटर

**अप्रेटर को न्यूनतम तलब मासिक रु २०,०००।- कायम गर्ने । करारमा कार्यरत सबै कर्मचारीहरुलाई मासिक महंगी भत्ता रु २०००।- वार्षिक पोषाक भत्ता रु १०,०००।- र १ महिना वरावरको दशै खर्च सुविधा उपलब्ध गराउने ।**

**निर्णय नं :- ७.** चालु आर्थिक वर्षम देहाय अनुसार ईन्धन व्यावस्थापन गर्ने ।

क) जनप्रतिनिधिहरुका लागी सम्बन्धित प्रदेश कार्य विधिमा व्यवस्था भए बमोजिम ।

ख) नगरपालिका काममा वा फिल्ड अनुगमन जाँदा कामको आधारमा सरसफाइको लागि प्रयोग भएका निम्नानुसारका गाडीहरुका लागी कामको चापको आधारमा आवश्यकता अनुसार लगबुक राख्न लगाइने ।

- भ्याकल
- सानो टिफर
- ट्याक्टर
- मोविल वा अन्य आयत
  आवश्यकता अनुसार)

ग) अन्य हेभि सवारी साधनहरु लगबुक राख्न लगाउने

- रोड रोलर (कामको आधारमा)
- ठुलो ट्रिपर - कामको आधारमा
- जे.सि.वि - कामको आधारमा
- सक्सन गाडी - आवश्यक्ता अनुसार
- दमकल - आवश्यकता अनुसार

घ) कार्यालय प्रयोजनमा प्रयोग हुँने सवारी साधनका हकमा

- हलुका सवारी साधनहरु तर्फ
- पिकअप जिप - लगवुकका आधारमा
  प्रति 6 कि.मि. वरावर १ लिटरका दरले लगबुकका आधारमा
- बोलेरो जिप - लग वुकका आधारमा
  प्रति 6 कि.मि. वरावर १ लिटरका दरले लगबुकका आधारमा

ङ) मोटर साइकल तर्फ (लाइसेन्स अनिवार्य)

- वडा तर्फ -वडा सचिव - प्रति महिना १० लिटर फिल्ड अनुगमन समेत(लाइसेन्स नभएपनि हुने)
- वडा प्राविधिक - प्रति महिना योजना,कृषि, पशु ७ लिटर फिल्ड समेत
- वडा सहायक कर्मचारी - प्रति महिना ५ लिटर फिल्ड अनुगमन समेत
- वडा अन्य कर्मचारी - कामका आधारमा स्वीकृत मागफारम अनुसार
- नगरपालिका अधिकृत स्तर वा सहायक चौथौ ,पाचौ प्राविधिक कर्मचारीका लागि - फिल्ड अनुगमन सहित प्रति महिना १० लिटर
- अन्यको हकमा आफनै लाईसेन्स भएका अधिकृत स्तरका कर्मचारी ,सहायक पाचौ तथा चौथौ तहका कर्मचालाई मासिक ७ लिटर
- उल्लेखित वाहेक अन्यका हकमा कामका आधारमा स्वीकृत मागफाराम अनुसार । कुनै कर्मचारीलाई कुनै विशेष कामका लागि विशेष ठाँउमा पठाउनु पर्ने भएमा वा कुनै कर्मचारी वा सरकारी सवारी साधनलाई नगरपालिकाको कामको सिलसिलमा कतै पठाउनु पर्ने भएमा स्वीकृत माग फारम अनुसार ।

**निर्णय नं** :- ८ राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागबाट शशर्त तर्फको उक्त विषयसंग सम्बन्धित कार्यक्रम संचालनका लागि रकम खर्चको शर्त तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयारी भई प्राप्त भएको हुँदा सो लाई अनुमोदन गर्ने ।

**निर्णय नं** :- ९ नगरसभाबाट स्वीकृत चालु आ.व.को लागि विषयगत कार्यालय तर्फ विनियोजन बजेट भित्र रही तयार गरिएको संलग्न बमोजिमको कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो । साथै संघ र प्रदेश बाट प्राप्त शशर्त तर्फका बजेट तथा कार्यक्रममा थप स्पष्ट पार्नुपर्ने भएमा वा मुल उदेश्यमा फरक नपर्ने गरी स-साना क्रियाकलापमा विभाजन गरी कार्य गर्नुपर्ने देखिएका कार्यालयबाटै गर्न सक्ने गरी अधिकार प्रदान गरियो ।

**निर्णय नं** :- १० नगर विकास कोष को ऋण सहयोगमा नगरपालिका द्वारा बन्ने नगरसभाहलको स्थानमा हाल पुरानो भवन (साविक सिटीहल) रहेको र उक्त पुरानो भवनमा काठ लगायत का पुन : उपयोग हुन सक्ने केही सामाग्रीहरु समेत रहेको हुँदा उक्त भवनलाई मुल्याङ्कन गरी लिलामीका लागि प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं** :- ११ अषाढ, श्रावण र भदौ महिना भरि कुनै पनि खोला/नदिबाट नदिजन्य सामाग्री उत्खन्न गर्न नपाईने गरी नेपाल सरकारले जारी गरेको निर्देशिनको अवज्ञा गरी विभिन्न खोला नदिहरुबाट उक्त सामाग्रीहरु उत्खन्न गरी चोरी निकासी गरेको पाइएको हुँदा त्यस्तो पाइएमा देहाय अुनसार जरिवाना लिई सामाग्री समेत खसाल्न लगाउने ।

ट्र्याकटर- पहिलो पटक भए रु.१५००।- त्यसपछि प्रत्येक पटक रु २५००।-

मिनिट्रक- पहिलो पटक भए रु. २०००।- त्यसपछि प्रत्येक पटक रु ३०००।-

टिफर (६ चक्के ,८चक्के)) पहिलो पटक भए रु ५०००।- त्यसपछि प्रत्येक पटक रु.१०,०००।-

टिफर (१० चक्के ,१२चक्के)) पहिलो पटक भए रु.१०,०००।- त्यसपछि प्रत्येक पटक रु.२०,०००।-

अन्य महिनाको हकमा कार्यपालिकाबाट मिति २०७६/०८/२२ मा भएको निर्णयानुसार हुने छ । उक्त कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउने नेपाल प्रहरी र शसस्त्र प्रहरीलाई निजहरुले सहयोग पुऱ्याएको कार्यबाट कमलामाई नगरपालिकालाई प्राप्त हुने जरीवानाको रकम २०% रकम प्रोत्तसाहन स्वरुप उपलब्ध गराउने ।

**निर्णय नं:-१२** आर्थिक वर्ष ०७७।०७८ का लागि नगरपालिका क्षेत्रभित्र का खोला ,नदिहरुवाट माछा मार्ने सम्बन्धमा वार्षिक रु.७००००।- कायम गरी वार्ता द्वारा ठेक्का वन्दोवस्त गर्ने ।

**निर्णय नं:-१३** आर्थिक वर्ष ०७६।०७७ मा खरिद भएको सेनिटरी प्याड वितरण तथा व्यवस्थापनका लागि निम्न अनुसार समिति गठन गर्ने ।

श्री मन्जु कुमारी देवकोटा - संयोजक
श्री सुनिता सार्की - सदस्य - (कार्यपालिकाको सदस्य)
श्री कमला वराल - सदस्य - विद्यालय फोकल पतिनिधि)
श्री धनमाया राई - सदस्य - विद्यालय फोकल पतिनिधि)
श्री केम बहादुर थापा - सदस्य - (स्वास्थ्य शाखा)
श्री ईन्दिरा कुमारी थापा - सदस्य - (महिला तथा वालवालिका उप शाखा)
श्री हित कुमारी पौडेल - सदस्य - सचिव (शिक्षा शाखा)

**निर्णय नं:- १४** प्रकोप व्यवस्थापन कोष को मौज्दात वाट रु.१० लाख को जाली र रु.१० लाखको पाईप खरिद गरी वितरण गर्ने । साथै करोना भाईरस सम्बन्धी पि.सि.आर चेक गर्नको लागि उक्त कोष वाट ५०० पिस भि.टि.एम. खरिद गर्ने ।

**निर्णय नं:- १५** जग्गा अभिलेखीकरण कार्यक्रम तर्फ जग्गा नापजाँचका लागि लिइने शुल्क प्रति कट्ठा रु. ५००।- (छुटको रु.२५) मध्ये उक्त नापजाँचमा प्रयोग हुने मेसीनरी औजार र सर्वेक्षेकहरुलाई परिचालन गर्न रु. २६४।- प्रति कट्ठा खुमान जि इन्जिनियरिङ्ग एण्ड सर्वे प्रा.लि. भक्तपुर लाई उपलब्ध गराउने गरी सम्झौता गर्न समितिलाई अधिकार प्रदान गर्ने । बाँकी रु २३६।- प्रतिकट्ठा नगरपालिकाको खातामा जम्मा गरी नगरापालिका तर्फबाट गरिने कार्यहरु गर्ने ।

**नर्णय नं :- १६** . कमलामाई नगरपालिकाको तालिम, गोष्ठी कार्यशाला ,अध्ययन भ्रमण तथा वैठक भत्ता खर्च सम्बन्धी निर्देशिका,२०७७ स्वीकृत गर्ने ।